# स्थानीय तहमा लैंङ्गिक उत्तरदायी बजेट परिक्षण तालिमको प्रतिवेदन
# स्थानीय तहको नामः रम्भा गाउँपालिका, पाल्पा

**मिति २०८०।१२।८ गते** **स्थान : रम्भा गाउँपालिका**

१. पृष्ठभुमि **(Background)**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उत्तदायी बजेट परिक्षण तथा कार्यक्रम निर्माणको लागी यस रम्भा गाँउपालिका सवै कर्मचारी तथा जनप्रतिनिधी हरुलाई मिति २०८०।१२।८ लैङ्गिक उत्तरदायी बजेट परिक्षण र यसका सूचकहरुमा क्षमता विकास गर्ने र गाउँपालिका को बजेट परिक्षण गर्ने उद्धेश्यले तालिमको कार्यक्रमको आयोजना गरएिको थियो । यसमा स्थानीय सरकारको जनप्रतिनिधि गाउँपालिका प्रमुख ,उपप्रमुख तथा कार्यपालिका सदस्यहरुको उपस्थिती रहेको थियो ।

२. उद्देश्य **(Objectives)**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को अवधारण अनुसार यसको प्रयोगलाई सरलिकृत रुपमा स्थानीयकरण गरी स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता उपलव्धीको समतामूलक वितरण र उपयोगी र बजेटलाई उत्तरदायी बनाउन को लागी यस पालिका अर्न्तगतका महिला, पुरुष र लैंगिक तथा यौनिक अल्पसंख्यकहरुका आवश्यकता र सरोकारलाई सन्तुलित संवोधन गर्न अपनाइने बजेट पद्दतिलाई ध्यानमा राखि यस पालिका को वजेट विश्लेषण गरिएको थियो ।

## लैगिंक उत्तरदायि बजेट :

योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने गरी तर्जुमा गरिने कार्यक्रम र बजेट ।

- लैंगिक समानताको लक्ष्यलाई केन्द्रमा राखेर लैंगिक विश्लेषण सहित गरिने योजना तथा बजेट
- यस बजेट पद्दतिले लैंगिक समता मार्फत लैंगिक समानता तर्फ समाजलाई लैजान सहयोग गर्दछ ।

## लैगिंक उत्तरदायी बजेट परिक्षणका उद्धेश्यहरु :

- **लैगिंक दृष्टिकोणवाट योजनाबद्ध प्रयासहरु बिश्लेषण गर्न**
- **सबै तहका सरकारहरुमा महिला समानता र सशक्तिकरणको लागि नीति कार्यक्रम तथा बजेटको सुनिश्चितता गर्नु**
- **लैंगिक अन्तरहरुको सम्बोधन गर्न लगानी सुनिश्चित गर्नु**
- **लैंगिक समानताको लागी निर्दिष्ट कार्यक्रम तथा बजेटको अंशमा बृद्धि गर्नु**
- **लैससास बजेट निर्माण तथा परीक्षण गर्ने ज्ञान र सीप अभिबृद्धि गर्ने,**

## लैगिंक उत्तरदायी बजेटका पाँच आधारहरु

- योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वियनमा महिलाको सहभागिता
- महिलाको क्षमता अभिवृद्धि
- कार्यक्रममा महिलाको लाभ र नियन्त्रणको सुनिश्चितता
- महिलाको रोजगारी तथा आयआर्जन वृद्धि
- महिलाको समयको उपयोगमा गुणात्मक सुधार र महिलाको कार्यवोझमा कमी

## ३. कार्यक्रमको मुख्य उपलब्धिहरु (Outputs Delivered)

"लैङ्गिक उत्तरदायी बजेट भनेको लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति हो " ।यसले महिला र पुरुषका आवश्यकता र सरोकारहरु सम्बोधन हुने गरी स्थानीय सरकारको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र कृयाकलापहरुमा समावेश गर्ने कार्य गरी लैससासका सवालहरुलाई मूलप्रवाहीकरण गर्दछ ।

लैङ्गिक मूलप्रवाहीकरण विकासको मूलप्रवाहमा लैङ्गिक समानतालाई के कसरी अवलम्वन गरिएको छ भनी सुनिश्चित गर्ने रणनीति पनि हो । यो विकासको एउटा पद्धति (Approach) भएकाले यसले लैङ्गिक समानताका सवालहरूलाई बृहत् राष्ट्रिय नीतिको संस्थात्मक संरचना तथा साधन स्रोतको केन्द्रमा राख्दछ र महिलाका आवश्यकताहरू तथा प्राथमिकताहरूलाई विकासको लक्ष्य तथा प्रक्रियाको निर्धारणमा समेट्दछ । यसले लैङ्गिक सवालहरूलाई गाँउपालिकाबाट दिगोरूपमा मान्यता दिई सवाल सम्बोधन गर्ने सुनिश्चितता प्रदान गर्दछ ।

लैगिंक उत्तरदायी बजेट परिक्षणको क्रममा विभिन्न शाखाका कर्मचारीहरु तथा जनप्रतिनिधी बसी यस गापाका कार्यक्रमलाई बजेटलाई **निर्दिष्ट, सहयोगी वा तथस्ट** बजेट के हो भनेर हेरी बजेट कोडिङ गरी संकेत कोड १ ,२ ,३ प्रदान गरीएको थियो । प्राप्त कोडिङको आधारमा गाउँपालिकाको बजेटको वर्तमान अवस्था चित्रण गरी विश्लेषण गरिएको थियो । कार्यक्रममा सवैको सक्रिय सहभागीता रहेको थियो । बजेट विश्लेषण पछि गाउँपालिकाको बजेट परिक्षणको अवस्था निम्न बमोजिम रहेको छ ।

**गाउँ/नगरपालिकाको नामः** रम्भा गाउँपालिका, पाल्पा

| **कार्यक्रम बर्गिकरण** | **कार्यक्रम संख्या** | **बजेट रु** | **प्रतिशत** |
|---|---|---|---|
| **१ निर्दिष्ट** | २५ | ९४१६००० | **१.७६** |
| **२ सहयोगी** | **२६** | ३५०२५००० | **६.५४** |
| **३ तटस्थ** | ७०० | ४९०७३९००० | **९१.७** |

**कुल बजेट रु ५३५१८००००**

**निर्दिष्ट बजेट प्रतिशतः १.७६ प्रतिशत**

**पालिकाको बजेटको बर्गिकरणः तटस्थ बजेट**

## ६ मुख्य निष्कर्ष तथा सुझावहरु (Key Decisions/Recommendations)

**परिक्षणको क्रमामा गरिएका बार्षिक कार्यक्रमको पुनरावलोकनकमा देखिएका मुख्य मुख्य बुदाँको आधारमा गरिएका सुझावहरु**

- महिला तथा वञ्चतिकिरंणमा परेको समुदायको आवश्यकतालाई सम्बोधन हुने गरि प्रयाप्त बजेटको व्याव्था गर्न नसक्नु
- महिला तथा पिछडिएका वर्गका लागी वभिन्न कार्यक्रमहरु लागु गरीएको तथा उक्त कार्यक्रमवाट सरकारवाला पुगेको लाभ , असर र प्रभावको उचित विश्लेषण नहुने
- त्यस्ता योजना तथा कार्यक्रमले समेटिएको देखिए पनि वञ्चितिमा परेको समुहको लागी अवस्था विष्लेषण गरि उनीहरुको लागि प्रत्यक्ष फाईदा पुग्ने काममा अझ गरेको देखिदैन तर्सथ प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रममा बृद्धि गर्नु पर्ने छ ।
- बजेट तर्जुमा तथा कार्यान्वयन अर्न्तगत यस गाउँपालिकाको कार्यक्रमले वञ्चितिमा परेको समुहको लागी महिला र पुरुष अवस्था विष्लेषण गरी उनीहरुको लागी रणनैतिक र व्यवहारीक आवश्यकता पहिचान गरी परिपूर्ति गर्ने विषयमा छलफल गर्न आवश्यक देखिन्छ । यो पक्ष मा कुनै सुरुवात नै नभएकोले यस गापाले कार्यक्रम बनाई सुरुवात गर्नु पर्ने देखिन्छ ।
- **गाउँपालिकाले अनिवार्य रुपमा तटस्थ बजेटलाई घटाउने पर्ने र सहयोगी तथा निदिष्ट कार्यक्रम बनाउन आवश्यक छ ।**

आगामी बर्ष लैगिंक उत्तरदायी बजेट परिक्षण गर्दा पालिकाको अध्यक्ष्य ,उपाध्यक्ष र सवै सम्बन्धी पदाधिकारी तथा कर्मचारीको अनिवार्य सहभागीतामा र महिला लक्षित कार्यक्रमको फाईदा र यसले पार्ने प्रभाव विशेष गरी पहुच र नियन्त्रणका कुराहरुमा बुझाई र यस विषयमा अभिमुखिकरण तथा क्षमता विकास गरी कार्यक्रम गर्नु पर्ने देखिन्छ ।